**विश्वविद्यालय अनुदान आयोग**
**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्**
सानोठिमी, भक्तपूर, नेपाल ।

**विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त उच्च शैक्षिक संस्थाहको आशय पत्र स्वीकृतिका लागि थप प्रावधान सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति २०८१ वैशाख २४ गते)

विश्वविद्यालय अनुदान आयोग, शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्को मिति २०८० चैत्र २० गतेको बैठकको निर्णय अनुसार गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रकृयामा सहभागी हुन विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त उच्च शैक्षिक संस्थाहरुले आशय पत्र पेश गर्दा हाल कार्यन्वयनमा रहेको आशय पत्र (LOI) स्वीकृतिको लागि योग्यता मापदण्डका अतिरिक्त देहाय बमोजिमको प्रावधान थप गरीएकाले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रकृयामा सहभागी हुन ईच्छुक विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त उच्च शैक्षिक संस्थाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

## Additional Documents to be submitted by Foreign Affiliated HEIs for LOI Application

- सम्बन्धन प्रदान गर्ने विश्वविद्यालय प्रत्यायन गर्ने अधिकार प्राप्त सम्बन्धित देशको अथवा अन्तराष्ट्रिय संस्थाबाट प्रत्यायनकृत भइसकेको हुनुपर्नेछ;

  The University offering affiliation must be accredited by relevant national or international accrediting agencies.

- सम्बन्धन प्रदान गर्ने संस्था दि टाइम्स हायर एजुकेशन रेंकिगको (The Times Higher Education Ranking) उत्कृष्ट ८०० वा क्यू. एस. वर्ल्ड रेकिंगमा (QS World Ranking) उत्कृष्ट १००० भित्र परेको हुनुपर्नेछ;

  Affiliating University must be ranked within 800th rank of The Times Higher Education Ranking or 1000th rank of QS World Ranking.

- संस्थाले सम्बन्धन प्राप्त विदेशी विश्वविद्यालयले तोकेको मापदण्ड पुरा गरेको हुनुपर्नेछ र सम्बन्धन प्राप्त विश्वविद्यालयवाट सो सम्बन्धी सिफारिस पत्र पेश गर्नुपर्नेछ;

  The HEI needs to fulfill the benchmarks set by the foreign affiliating University and submit a letter of recommendation regarding the same from the affiliated University.

- संस्थाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त अनुमती (कार्यक्रम शुरु तथा नविकरण गरिएको) पत्र पेश गर्नुपर्नेछ;
  The institution must submit a letter of approval received from the Ministry of Education, Science and Technology (for program initiation and renewal, if any).

- संस्थाले प्रत्यायन प्रक्रियामा आवद्ध हुनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिस पत्र पेश गर्नुपर्नेछ;
  The institution must submit recommendation letter of the Ministry of Education, Science and Technology to participate in QAA process.

विश्वविद्यालय अनुदान आयोग २०५१
UNIVERSITY GRANTS COMMISSION 1994

- निरन्तरताको सुनिश्चितता गर्न संस्थाको दिगोपना सम्बन्धि योजना (कार्यक्रम र वित्तिय दुवै) पेश गर्नु पर्नेछ;

  A sustainability plan outlining the HEI's academic program and avenues for financing must be submitted to ensure HEI's continuation.

- आशय पत्र पेश गर्दा उच्च शैक्षिक संस्थाको सम्वन्धन संस्थाले प्रदान गर्ने शैक्षिक कार्यकम अवधिमा थप एक वर्षको समयअवधि कायम रहेको हुनुपर्नेछ । अथवा, सम्वन्धन प्रदान गर्ने संस्थाले सो भन्दा कम अवधिका लागि सम्वन्धन दिने व्यवस्था भएमा कम्तिमा ५ वर्ष देखि सो कार्यक्रम निरन्तर रुपमा संचालन भएको हुनुपर्ने ;

  At the time of LOI application, duration of affiliation must be one year additional to the academic program offered by the HEI or, if the affiliating university has provision to provide affiliation less than that, than affiliated HEI must have been continuously operated at least for last five years.

- नेपाल कानुनमा तोके बमोजिम कर चुक्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

  As per the prevailing law of Nepal, HEI must submit the tax clearance certificate.

**<u>प्रत्यायन प्रकृयामा रहेका संस्थाहरुको हकमा</u>**

- प्रत्यायनकृत प्रकृयामा रहेको संस्थाहरुको प्रकृयाको अवधिमा कार्यक्रमको सम्वन्धन समाप्त भई समयमै नविकरण नभएमा प्रकृया जुन चरणमा छ त्यही चरणमा रद्ध हुनेछ । साथै प्रत्यायनकृत पश्चात प्रत्यायनको अवधिभित्र कार्यक्रमको सम्वन्धन टुटेमा सोही अवधिदेखि प्रत्यायनको प्रमाणपत्र रद्ध हुनेछ ।

  University Grants Commission shall dismiss the institution from the QAA process in absence of renewal of affiliation within its applicable timeframe. Similarly, if the affiliation of the program is discontinued from the esteemed university within the period of accreditation, the certificate of accreditation shall be terminated there so.

यस सम्वन्धमा थप जानकारी हाँसिल गर्नुपरेमा शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सचिवालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको सचिवालय**
विश्वविद्यालय अनुदान आयोग
सानोठिमी, भक्तपुर, नेपाल
इमेल : qaad@ugcnepal.edu.np, पोस्ट बक्स नम्बर: १०७९६ (काठमाडौं, नेपाल)
फोन : ०१-६६३८५४८/४९/५०/५१, फ्याक्स : ०१-६६३८५५२

विश्वविद्यालय अनुदान आयोग २०५१ UNIVERSITY GRANTS COMMISSION 1994